नेपाली
Vol.32 | 2023.04

भिविन्न देशका बिदेसीहरुको लागि समाचार

# Ota City Navigation



## 【बहत्तरौं ओता सहर बाल गार्डन पार्टी】

ओता सहर भित्रका 10 ठाउँहरूका कार्यक्रमस्थलहरूमा ओता सहर बाल गार्डन पार्टीको आयोजना गरिनेछ। बालबालिकाहरूले स्थानीयहरूसँग खेल, खेलकुद आदिको मज्जा लिँदै विभिन्न कुराहरूको अनुभव गर्न सक्नेछन्। प्रत्येक कार्यक्रमस्थलमा रमाइलो कार्यक्रमहरूको व्यवस्था गरिएको हुनाले हामी धेरै भन्दा धेरै बालबालिकाहरू र सम्पूर्ण स्थानीयहरूको सहभागिता पर्खिरहेका हुनेछौं। कार्यक्रमस्थल ओता सहरको होमपेजमा गई निश्चय गर्नुहोस्।

- 2023 साल अप्रिल 30 तारिख (आइतबार)
- स्थानीय गतिविधि प्रवर्द्धन शाखा युवासँग सम्बन्धित कर्मचारी
  ☎ 03-5744-1223 FAX 03-5744-1518
  E-mail seishonen@city.ota.tokyo.jp



फोटो चित्रण उद्देश्यको लागि हो।
वास्तविक इभेन्टको विवरण भन्दा फरक हुन सक्छ।

## 【ManaViva (जापानी भाषा पढ्ने र लेख्ने क्लास) को लागि आवेदन खुला】

यो वयस्कहरूले <हिरागाना><काताकाना><सरल वाक्यहरू> जस्ता दैनिक जीवनमा आवश्यक जापानी भाषाको अक्षर पढ्ने र लेख्ने तथा <जापानी भाषा><अङ्कगणित> जस्ता आधारभूत कुराहरू अध्ययन गर्ने ठाउँ हो। साथीहरू र कर्मचारीहरूसँग मिलेर अध्ययन गरौं।

दायरामा पर्ने व्यक्तिहरू:

① ओता सहरमा बसोबास, काम वा अध्ययन गर्ने व्यक्ति (16 वर्ष वा सोभन्दा बढी)

② जापानी भाषामा कुराकानी गर्न सक्ने व्यक्ति (जुनसुकै राष्ट्रको व्यक्ति)

शिशु स्याहार सेवा उपलब्ध छ: 1 वर्ष 6 महिना~प्राथमिक विद्यालयको 3 क्लासमा पढ्ने बच्चा (पहिले नाम लेखाउनेको क्रममा प्राथमिकता दिइनेछ)



©Ota City



©Ota City

- 2023 साल मे 14 तारिख (आइतबार)~2024 साल मार्च 10 तारिख (आइतबार), कुल 24 पटक
  पहिलो, दोस्रो र चौथो आइतबार 2:00 pm~4:00 pm
- ओता सहर कार्यालय, उपभोक्ता केन्द्र आदि
- निशुल्क
- अधिकतम सहभागी संख्या 40 जना (पहिले नाम लेखाउनेको क्रममा प्राथमिकता दिइनेछ)
- आवेदन दिने ठाउँमा जाने अथवा फोन गर्ने
- स्थानीय गतिविधि प्रवर्द्धन शाखा सहरबासी सहकार्य तथा आजीवन अध्ययनसँग सम्बन्धित कर्मचारी
  ओता सहर कामाता 5-13-14 सहर कार्यालय 6F 27 नम्बर काउन्टर
  ☎ 03-5744-1443 FAX 03-5744-1518



···· कहिले ···· रकम ···· कति जना ···· आवेदन दिने तरिका ···· कहाँ ···· आवेदन दिने ठाउँ ···· सम्पर्क

# [ओता सहर युवा सहयोग केन्द्र "फ्ल्याट ओता"]

फ्ल्याट ओता भनेको लगभग 15 वर्षदेखि 39 वर्षसम्मका बालबालिका तथा युवाहरूको तयार गरिएको विद्यालयमा पनि घरमा पनि नपर्ने, तेस्रो स्थान हो। यहाँ विभिन्न चिन्ता र समस्याहरूबारे परामर्श लिन सकिन्छ र कर्मचारीहरूसँगको सम्बन्ध, गतिविधिहरूको अनुभव आदि मार्फत एक पाइला अघि बढ्न सहायता गरिन्छ।
कुनै चिन्ता नभए तापनि संकोच नमानीकन आई स्वतन्त्र रूपमा बस्न सक्ने ठाउँको रूपमा पनि प्रयोग गर्न सकिन्छ।





फ्ल्याट ओता　ओता सहर युवा सहयोग केन्द्र
☎ 03-6451-8433　　E-mail flatota@sodateage.net




# [नागरिक पेन्सनमा आबद्ध हुने प्रक्रिया सम्बन्धी]

जापानमा निवासी दर्ता प्रमाणपत्र भएका 20 वर्ष~59 वर्षका व्यक्तिहरूले र विदेशी नागरिकहरूले पनि नागरिक पेन्सनमा आबद्ध भई बिमा शुल्क भुक्तानी गर्नु पर्दछ।
10 वर्ष वा सोभन्दा बढी भुक्तानी गर्‍यो भने 65 वर्षदेखि पेन्सन पाइन्छ।
चोट वा रोगले गर्दा काम गर्न नसक्ने भएको बेलामा पाइने "अपाङ्गता पेन्सन" र जीवनयापन धानिरहेको परिवारको सदस्यको मृत्यु भएको बेला पाइने "मृतकको परिवार पेन्सन" पनि पाइन्छ।
जापानमा पहिलो पटक आएको बेला र कार्यस्थल छोडेको बेला प्रक्रिया गर्नु पर्दछ।
तलब कम भएको जस्ता कारणले गर्दा बिमा शुल्क भुक्तानी गर्न कठिन अवस्थामा छुटको लागि आवश्यक प्रक्रिया गर्नुहोस्।
नबुझेको खण्डमा ओता सहरको होमपेज हेर्नुहोस्।

मासिक 16,520 येन (आर्थिक वर्ष 2023 साल)

काउन्टर, हुलाक र विद्युतीय आवेदन

**नागरिक स्वास्थ्य बिमा तथा पेन्सन शाखा**
**नागरिक पेन्सनको जिम्मेवार कर्मचारी**
ओता सहर कामाता 5-13-14　3F 12 नम्बर काउन्टर
☎ 03-5744-1214
सोमबार~शुक्रबार 8:30 am~5:15 pm

**ओता पेन्सन कार्यालय**
ओता सहर मिनामी कामाता 2-16-1　टेक्नोपोर्ट कामाता सेन्टर बिलडिङ　3F
☎ 03-3733-4141
सोमबार 8:30 am~7:00 pm
मंगलबार~शुक्रबार 8:30 am~5:15 pm
दोस्रो शनिबार 9:30 am~4:00 pm

## 【नागरिक स्वास्थ्य बिमाको योग्यता गुमाएपछि चिकित्सा खर्च फिर्ता प्रक्रिया गर्नुपर्छ】

सरुवा, अन्य जापानको सार्वजनिक स्वास्थ्य बिमामा आबद्ध भएको, बसोबास म्याद समाप्त भएको जस्ता कारणले ओता सहरको नागरिक स्वास्थ्य बिमाको योग्यता गुमाएपछि बिमा कार्ड प्रयोग गरी स्वास्थ्य संस्थामा जाँच गराएको खण्डमा तपाईंले **ओता सहरले बेहोरेको भागको चिकित्सा खर्च फिर्ता गर्नु पर्दछ।**




अन्य जापानको सार्वजनिक स्वास्थ्य बिमामा आबद्ध भएको खण्डमा वा सरुवा भएको खण्डमा अनिवार्य रूपमा ओता सहरको नागरिक स्वास्थ्य बिमा रद्द गर्नको लागि आवेदन पेस गरी, बिमा कार्ड फिर्ता गर्नुहोस्।

नागरिक स्वास्थ्य बिमा तथा पेन्सन शाखा नागरिक स्वास्थ्य बिमा तथा पेन्सन लाभको जिम्मेवार कर्मचारी
☎ 03-5744-1211　　FAX 03-5744-1516

## 【विश्वविद्यालय आदिमा आबद्ध व्यक्तिहरूको लागि ऋण ढाँचाको छात्रवृत्ति प्रणालीको जानकारी】

ओता सहरमा अध्ययन गर्ने इच्छा हुँदाहुँदै पनि आर्थिक कारणले गर्दा अध्ययन गर्न कठिन परिवारको विद्यार्थीहरूलाई ऋण ढाँचाको छात्रवृत्ति दिइरहेको छ।

*सर्त तथा छनौट मापदण्डहरूको लागि सम्पर्क स्थानमा सम्पर्क गरी सोधपुछ गर्नुहोस्।



अप्रिलको अन्तिम हप्ता~जुनको पहिलो हप्ता तिर

राष्ट्रिय तथा सार्वजनिक: 35,000 येनसम्म
निजी: 44,000 येनसम्म

30 जना

आवश्यक कागजात आवेदन दिने ठाउँमा लिएर जानुहोस् वा हुलाक मार्फत पठाउनुहोस्।

कल्याण व्यवस्थापन शाखा
ओता सहर कामाता 5-13-14　8F 24 नम्बर काउन्टर
☎ 03-5744-1245　　FAX 03-5744-1520

### ओता सहर कार्यालयमा फोन मार्फत सोध्न चाहने कुरा भएको बेला दोभासे प्रयोग गर्न सकिन्छ।

फोन दोभासे सेवा भनेको दोभासे अपरेटर मार्फत सम्बन्धित कर्मचारीसँग कुराकानी गर्न सकिने प्रणाली हो। दोभासे सेवा 13 वटा भाषाहरूमा उपलब्ध छ।

विस्तृत जानकारीको लागि यहाँ

ओता सहर फोन दोभासे सेवाको लागि मात्र प्रयोग गर्न सकिने नम्बर
सम्पर्क स्थान　☎ 050-3159-9993

···· कहिले　···· रकम　···· कति जना　···· आवेदन दिने तरिका　···· कहाँ　···· आवेदन दिने ठाउँ　···· सम्पर्क

# [सेनजोकुइके स्युनस्योउको हिबिकी (वसन्तको साँझको कन्सर्ट)]

स्वच्छ अनि सुन्दर प्राकृतिक दृश्यहरू भएको सेनजोकुइकेको भूमिमा 4 वर्ष पछि "सेनजोकुइके स्युनस्योउको हिबिकी (वसन्तको साँझको कन्सर्ट)" को आयोजना गरिनेछ। स्युनस्योउको हिबिकी (वसन्तको साँझको कन्सर्ट) भनेको जापानी अद्वितीय वातावरणले भरिएको सेनजोकुइके पार्कको पश्चिमी किनाराको इकेजुकिक्योमा बासुरी र नोगाकु जस्ता जापानी परम्परागत कला प्रदर्शन गर्ने कार्यक्रम हो। प्रकृतिले सम्पन्न सेनजोकुइकेमा जापानी सङ्गीत र पियानोको आवाजको मज्जा लिनुहोस्।



©Ota City



©Ota City



2019 सालमा गरिएको कार्यक्रमको दृश्य

2023 साल मे 17 तारिख (बुधबार) 6:30 pm~8:00 pm (योजना)
*वर्षा भएमा रद्द गरिनेछ।

सेनजोकुइकेको पश्चिमी किनारा "इकेजुकिक्यो"
ओता सहर मिनामिसेन्जोकु 2-14-5
जाने तरिका तोक्यु इकेगामी लाइन सेनजोकुइके स्टेसनबाट हिँडेर 2 मिनेट

प्रवेश शुल्क: निशुल्क

सीमा छैन (उभिएर हेर्ने)
*बस्ने सिट पहिले आउनेहरूको लागि 300 वटा

**आयोजक** "सेनजोकुइके स्युनस्योउको हिबिकी (वसन्तको साँझको कन्सर्ट)" कार्यपालिका समिति/ओता सहर

संस्कृति प्रवर्द्धन शाखा
☎ 03-5744-1226 FAX 03-5744-1539 E-mail: bunka@city.ota.tokyo.jp

# [टोक्यो अन्तर्राष्ट्रिय सङ्गीत महोत्सव 2023 को आयोजना गरिनेछ।]

ओता कुमिन हल, आपुरिकोमा टोक्यो अन्तर्राष्ट्रिय सङ्गीत महोत्सव 2023 को आयोजना गरिनेछ। ओता सहरमा बसोबास गर्ने विदेशी राष्ट्रियता भएका व्यक्तिहरूले निशुल्क हेर्न सक्नेछन्। नछुटाईकन सबैले एकै सङ्गीत सुनेर मनलाई एक बनाऔं!




2023 साल मे 4 तारिख (बिहीबार, सार्वजनिक बिदाको दिन), 5 तारिख (शुक्रबार, सार्वजनिक बिदाको दिन), 6 तारिख (शनिबार)

ओता कुमिन हल, आपुरिको
ओता सहर कामाता 5-37-3

ओता सहरमा बसोबास गर्ने विदेशी राष्ट्रियता भएका व्यक्तिहरूको लागि निशुल्क (रेजिडेन्ट कार्ड आदि देखाउने)
*सामान्यतया Day हेर्ने टिकटको 3,300 येन
*अरू पनि छुटहरू छन्। विस्तृत जानकारीको लागि सम्पर्क गर्नुहोस्।

टिकट खरिद तथा थप जानकारीको लागि यहाँ हेर्नुहोस्।

टोक्यो अन्तर्राष्ट्रिय सङ्गीत महोत्सव 2023 कार्यपालिका समिति कार्यालय (सह-आयोजना: ओता सहर)
☎ 03-3560-9388 FAX 03-3586-2575 E-mail contact@timf.jp

प्रकाशन ओता अन्तर्राष्ट्रिय शहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा
〒144-0052 ओता सहर कामाता 4-16-8 2F ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota) ☎ 03-5744-1227 FAX 03-5744-1323
हामीले यो जानकारीपत्र वर्षमा 8 पटक 6 भाषाहरू (सजिलो जापानी, अंग्रेजी, चिनियाँ, नेपाली, टगालोग र भियतनामिज) मा प्रकाशन गरिरहेका छौं। यो जानकारीपत्र पुस्तकालय, बाल भवन, विशेष उपशाखा जस्ता सहरका सुविधाहरू र JR खामाता, ओमोरी, केइक्यु खामाता जस्ता सहर भित्रका प्रमुख स्टेसनहरूमा वितरण गरिन्छ।